नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

☎ ४-४३८५४३, ४-४३८५४६
फ्याक्सः ९७७-१-४४१६५१
४-४३८५३६

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालय तथा यस मातहतका कार्यालयहरूबाट प्रदान गरिँदै आएका सरकारी सेवाहरूलाई थप सरल, सहज, नागरिकमैत्री र प्रविधिमैत्री बनाउने उद्देश्यले सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरूको निवृत्तभरण व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यलाई स्वचालित बनाउने गरी विकास गरिएको e-Pension Verification System आज मिति २०८२ चैत २७ गते शुक्रबार माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूबाट शुभारम्भ भएको छ।

सेवा निवृत्त राष्ट्रसेबक कर्मचारी (निजामती, शिक्षक, नेपाली सेना, प्रहरी) ले निवृत्तभरण व्यवस्थापन कार्यालय (Pension Management Office) को वेबसाइट pension.gov.np मा गई हाम्रो सेवाहरू भित्र रहेको IPMS-V2 बटनमा क्लिक गरी आफ्नो घरबाट नै पेन्सन सम्नबन्धी सेवा लिन सक्ने छन्। साथै, सेवा प्रयोगसम्बन्धी कुनै जिज्ञासा वा अस्पष्टता भएमा सोही प्रणालीमा उपलब्ध IPMS Video Tutorial हेर्न सकिने व्यवस्था मिलाइएको छ।

यस प्रणालीको कार्यान्वयनसँगै सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरुले वार्षिक रूपमा आफूले पेन्सन लिइरहेको वैंकमा भौतिक रूपमा उपस्थित भई प्रमाणीकरण गराउनु पर्ने अवस्थाको अन्त्य भएको छ। साथै, सेवाग्राहीहरुले आफूलाई पायक पर्ने बैंकमा पेन्सन खाता खोल्नका लागि निवृत्तभरण व्यवस्थापन कार्यालय जानु पर्ने बाध्यता पनि हटेको छ।

यसबाट सेवा निवृत्त कर्मचारीहरूले पेन्सन सुविधा लिंदा थप सहज, मितव्ययी र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

(दिपक लामिछाने)
सहमहालेखा नियन्त्रक एवं प्रवक्ता

मितिः २०८२।१२।२७

Scanned with CamScanner